धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.:- ०९१-५२०७३३
Email : info@dhangadhimun.gov.np
website : dhangadhimun.gov.np

प.सं. :- २०८०।०८१
च.नं. :- १६७०

मिति :- २०८०।०६।२४

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

**विषय : सुझाव कार्यान्वयन सम्बन्धमा।**

श्री सामुदायिक विद्यालयहरु सबै,
धनगढी उप-महानगरपालिका,
धनगढी, कैलाली।

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाइ, कैलालीको पत्र संख्या २०८०।०८१ (वि.प्र.), च. नं. ३७५, मिति २०८०।०६।२१ को पत्रानुसार श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको शासकीय सुधार शाखाको च. नं. २१ मिति २०८०।०५।०६ को प्राप्त पत्रानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र संख्या २.१.१७।०८०।८१ चलानी नं. १६४ को निर्देशन वमोजिम **"कतिपय स्थानीय तह अन्तर्गतका सामुदायिक विद्यालयहरुले भौतिक निर्माणको कार्य गर्दा गराउँदा तथा विद्यालयसंग सम्बन्धित सामग्रीहरु खरिद गर्दा गराउँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजिक खरिद नियमावली, २०६४ पालना भएको नदेखिएको हुँदा उपरोक्त कार्य गर्दा गराउँदा उक्त ऐन तथा नियमावलीको पालना गर्ने गराउने व्यवस्था गर्न गराउन लेखी आएको सन्दर्भमा"** यो पत्र लेखिएको हो। सो सम्वन्धमा तहाँ स्थानीय तह अन्तर्गतका विद्यालयहरुमा उपर्युक्त ऐन तथा नियमावली कार्यान्वयनको सुनिश्चिताका लागि आवश्यक व्यवस्थापन हुन यसै पत्रद्धारा जानकारी भनी लेखी आएकोले सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

२०८०।६।२४

..............................
रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.प्रथम श्रेणी)

बोधार्थ तथा अवगतार्थ :
शिक्षा विकास तथा समन्वय इकाइ, कैलाली : तहाँको पत्र संख्या २०८०।०८१ (वि.प्र.), च. नं. ३७५, मिति २०८०।०६।२१ को पत्रको सम्बन्धमा जानकारीका लागि सादर अनुरोध।